गाउँ सभाबाट स्वीकृत मिति: २०७६/०३/१०

# आर्थिक बर्ष २०७६/०७७ को लागि गाउँ सभामा बजेट तथा कार्यक्रम तर्जूमा समितिका संयोजक रविचन्द्र आचार्यद्धारा प्रस्तुत वैतेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम


वैतेश्वर गाउँपालिकाको कार्यालय
३ नं. प्रदेश
पाँडुडाँडा, दोलखा

१. आदरणीय गाउँसभाका अध्यक्षज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरु, नेपालको संविधान २०७२ कार्यान्वयनको चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित वैतेश्वरको स्थानीय सरकारबाट तेस्रो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । यो नीति तथा कार्यक्रम तयार पार्दा वैतेश्वर गाउँपालिकाका विभिन्न विकास समितिहरु, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका बैठकका निर्णयहरु, जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु र विभिन्न क्षेत्रका विज्ञ महानुभावहरुका सुझावहरुलाई आधार लिईएको छ ।

२. नेपालले प्रतिवद्धता गरेका दिगो विकासका लक्ष्यका सूचकहरुलाई र पन्ध्रौ आवधिक विकास योजनाहरुलाई टेवा पुग्ने गरि विभिन्न विकासका कार्यहरु गाउँपालिकाले अघि बढाईरहेको छ । बैतेश्वर गाउँपालिका प्रकृतिसँग सामाञ्जस्यता कायम गर्दै बैतेश्वर बासी नागरिकको समुन्नत जीवनको सुनिश्चितता गराउने महान लक्ष्यका साथ अघि बढिरहेको छ ।

३. कृषिको आधुनिकीकरण र कृषि उपजहरुको बजारीकरणमा योगदान पुर्याउन कृषिजन्य र बन्यजन्य उद्योगहरुलाई प्राथमिकता दिइनेछ साथै कृषि उत्पादन वृद्धि गर्न उर्वर भूमिमा सिचाई सुविधा पुर्‍याइनेछ ।

४. बैतेश्वर गाउँपालिकालाई कफी र अलैचीको प्रवर्द्धन र आलु खेती विस्तार गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने नीति स्थानीय सरकारले लिएको छ ।

५. सहकारीमा सबै नागरिकहरुको पहुँच पुर्‍याई कृषिमा योगदान पुर्‍याउने सहकारीलाई प्रोत्साहन गरिनेछ । साथै वित्तिय क्षेत्रको विकासमा योगदान पुर्‍याउने नीति लिइनेछ ।

६. मिल्दाजुल्दा प्रकृतिका सहकारीहरुलाई एक आपसमा एकीकरण गरि गुणस्तरिय सेवा उपलब्ध गराउने नीति लिइनेछ ।

७.बिभिन्न स्थानहरुको माटो परिक्षण गर्ने र कृषिको उर्वरभूमि भएको स्थानहरुमा प्राथमिकिकरणको आधारमा सिचाईको आबश्यक प्रवन्ध गरिनेछ । एक वडा एक कृषि सेवा क्षेत्र तथा पशुसेवा क्षेत्रको लागि प्राविधिक कर्मचारीहरुको व्यवस्था गरी सेवा प्रदान गरिनेछ ।

८. वैतेश्वर गाउँपालिकाका विभिन्न सीपमा आधारित कृषि, पशु, वन आदि सँग सम्बन्धीत घरेलु तथा साना उद्योगको विकास गर्न आवश्यक रणनीतिक योजना निर्माण गरिनेछ ।

९. कृषकहरुले लगाएको कृषि बाली र पशुपालनको जोखिम न्युनिकरण गर्न कृषकहरुलाई बिमा गर्न प्रोत्साहन गरिनेछ साथै उब्जाउ जग्गा बाझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

१०. विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा जाने बाताबरण सिर्जना गरिनेछ बैतेश्वर गाउँपालिकाको बाल संरक्षण नीति अनुरुप बालमैत्री शिक्षामा जोड दिदै गुणस्तरीय शिक्षाका लागि शिक्षकहरुको पुर्नताजगि तालिम सञ्चालन गर्नुका साथै सरोकारवालाहरु बिच नियमित अर्न्तक्रिया गरिनेछ। विद्यार्थी उत्तिर्णको आधारमा शिक्षकलाई पुरस्कृत गरिनेछ । प्रत्येक शिक्षक तथा कर्मचारीहरुले

आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पठन पाठनमा सरिक गराउन प्रोत्साहन गराईनेछ । यसको लागी अनुगमन कार्यमा कडाइ गरिनेछ ।

११. बैतेश्वर गाउँपालिकाका सवै वडाहरुमा शिक्षाको पहुँच वृद्धि गर्न १/१ वटा +२ सम्म अध्यापन गर्ने विद्यालय स्थापना गर्न जोड दिइनेछ । उपयुक्त स्थानमा प्राविधिक विषय पठन पाठन गर्ने शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

१२.जलविद्युत उत्पादन गर्ने कम्पनीहरुलाई सहजीकरण र प्रोत्साहन गरिनेछ । साना तथा लघु जलविधुत आयोजनाको लागी अनुमति लिई हाल सम्म कार्य सूचारु नगरेका कम्पनीलाई १ बर्ष भित्र कार्य सुचारु नगरेमा दर्ता खारेजीको सिफारिस गरिनेछ । बैकल्पिक उर्जाको उपयोगमा जोड दिइनेछ साथै मठ मन्दिर र सहरी क्षेत्रका सडकहरुमा सडक बत्तीको व्यवस्था मिलाईनेछ । प्रत्येक वडाको केन्द्र रहेको स्थानहरुमा नेपाल टेलिकमबाट टेलिफोन लाईन जडानको लागी जोड दिइनेछ । प्रत्येक वडामा इन्टरनेटको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता र पञ्जीकरण सम्बन्धी कार्य सूचारु गरिनेछ ।

१३. १८ बर्ष मुनीका आमाबुवा गुमाएका बालबालिकालाई शिक्षा, स्वास्थ्य सेवामा प्रोत्साहन गरिनेछ ।

१४.दक्ष जनशक्तिको आपूर्तिको लागी स्थानीय स्तरमा आवश्यक पर्ने कार्य गर्न सक्ने जनशक्ति तयार गर्न तालिमको उचित व्यवस्था गरिनेछ ।

१५.प्रत्येक वडामा कृषि र पशु बस्तु सेवाका लागी प्राविधिकको व्यवस्था मिलाइनेछ ।

१६. महिला , अपाङ्ग , दलित, बालबालिकाको क्षेत्रमा उनीहरुको सशक्तिकरणका कार्यक्रम संञ्चालन गरिनेछ साथै उनिहरुको विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गरिनेछ ।

१७. बैतेश्वर गाउँपालिका लाई पूर्ण खोप युक्त सुनिश्चितता गरिनेछ र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै खुला दिशामुक्त गाउँपालिका पुन घोषणा गरिनेछ ।

१८. प्रत्येक वडामा समुदायलाई प्रभावकारी स्वास्थ्य सेवा सुनिश्चित गर्ने र स्वास्थ्य एकाइहरुको भवन नभएका एकाईहरुमा स्थायी भवन निर्माण गर्न पहल गरिनेछ ।

१९. गाउँपालिका स्तरिय खेलकुद समिति निर्माण गरि युवा खेलाडीहरुलाई खेलकुद प्रति आकर्षण गर्ने नीति लिइनेछ ।

२०. पर्यटन तथा संस्कृति विकासका लागि गाउँपालिकाका विभिन्न स्थानहरुमा पिकनिक स्पोट, पार्क व्यवस्थापन, शहिद पार्क, मठमन्दीरहरु, पुरातात्विक बस्तुहरुको खोज तथा संस्थाहरुलाई दर्ता प्रक्रियामा ल्याई गुणस्तरीय बस्तु तथा सेवा प्रवाहमा सहयोग पुर्‍यानेछ ।

२१. पर्यटकिय स्थलहरुको पहिचान र भौतिक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ । पुरातात्विक तथा पर्यटकिय स्थलका घरहरुमा होमस्टेको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ ।

२२. बैतेश्वर गाउँपालिकाका सवै घरमा स्वच्छ पिउने पानी उपलब्ध गराउन एक घर एक धारा उपलब्ध गराउने अभियान संचालन गरिने छ र पालिका भित्रका पानीका श्रोत, सिमसार क्षेत्रको संरक्षण गर्न जोड दिईनेछ ।

२३. आगामी आ.व. २०७६/०७७ भित्र बैतेश्वरको स्थायी केन्द्र पाँडुडाँडा कार्यालय व्यवस्थापन गरि एकिकृत सेवा प्रदान गरिनुको साथै वडा कार्यालय निर्माण गर्न बाँकी भएका वडाहरुमा पनि यसै वर्ष वडा कार्यालय भवन निर्माणमा जोड दिइनेछ ।

२४. ऐतिहासिक महत्व बोकेका हनुमन्तेश्वर, वैसाकेश्वर ,बैतेश्वर ,कैलेश्वर, डाङगडुङ्गेश्वर, जलेश्वर, कालिदेवी, जलदेवी, गोल्मादेवी, छत्रेश्वर महादेव, पशुपति शिवालय, ढुङ्गेश्वरी मन्दिरहरु तथा कर्कलेगुफा, लातामाङ्ग गुम्वा, नाम्खालिन गुम्बा, पोखरी गुम्वा संरक्षण र विभिन्न स्थानमा शिवमूर्ति तथा बुद्ध मूर्ति बनाउन पहल गरिनेछ ।

२५. बैतेश्वरमा हाल भई रहेका सडकहरुको स्तरोन्नती गरी कच्ची सडकहरुलाई ग्रावेल गरिनेछ ।ग्रावेल सडकहरुलाई क्रमशः कालोपत्रे गर्न सुरु गरिनेछ । आबश्यक स्थानहरुमा पुल-पुलेसाहरु निर्माणमा जोड दिइनेछ ।

२६. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड,२०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाई सामूहिक वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

२७.गाउँपालिकामा औधोगिक तथा पर्यटकिय क्षेत्रमा लगानी गर्न चाहने व्यक्ति तथा फर्मलाई आवश्यक सहयोग र प्रोत्साहन दिने नीति लिइने छ । रोजगार नभएका युवाहरुलाई पहिचान गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत रोजगारीको अवसर मिलाइनेछ साथै भूमिहिन किसानहरुको लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी बसोबासको व्यवस्था गरिनेछ ।

२८.सुचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापनको लागी स्थानीय एफ एम हरु सँग समन्वय गरी गाउँपालिकाका सुचनाहरुलाई प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

२९. वन तथा भू-संरक्षणको लागि आवश्यक व्यवस्था गरिनेछ । बातावरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ । जलवायु परिवर्तनलाई अनुकुलन हुने गरी कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

३०.बजार क्षेत्रहरुमा तत्काल र सवै वस्तीहरुमा क्रमशः फोहोर मैला व्यवस्थापनको उचित व्यवस्था गरिनेछ । फोहोरमैला विर्सजन गर्ने ठाउँको पहिचान गरी आबश्यक व्यवस्था गरिनेछ ।

३१. न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । साथै सबै वडामा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

३२. सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ । संस्थागत पूर्वाधार विकासमा जोड दिइनेछ । यस गाउँपालिका भित्रका सवै सार्वजनिक निकायहरुमा अनिवार्य रुपमा नागरिक बडापत्र

राख्ने व्यवस्था गरिनेछ । सेवालाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ । साथै सेवा प्रवाहमा विद्युतिय माध्यमबाट हुने सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ । सुचनाहरुलाई जनता समक्ष पुऱ्याउनको लागि प्रयोग गर्दै आएको वेवसाइट र मोबाइल एप्स लाई अझ स्तरीकृत गर्दै लगिनेछ । सवै वडा कार्यालयहरुबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

३३.गाउँपालिका स्तरीय आर्थिक कारोबारलाई अन्तर्राष्ट्रिय लेखामानदण्ड अनुरुप लेखांकन पद्धतीमा राखिनेछ । राजश्व परिचालनको दायरालाई फराकिलो बनाई विस्तार गरिनेछ । वित्तिय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ । वित्तिय जोखिम न्यूनिकरण गर्ने संस्थाहरुको स्थापनामा जोड दिइनेछ । प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ । सामाजिक लेखा परिक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । विभिन्न निर्देशिकाहरु र कार्यविधिहरुको तर्जुमा गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । अन्तिम लेखापरिक्षण तथा बेरुजु फर्छौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ ।

३४. अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउने गाउँपालिकाका अध्यक्ष लगायत जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत लगाएत कर्मचारी मित्रहरु, विभिन्न संघ सस्थाका प्रतिनिधि साथीहरु, पत्रकारहरु लगायत सम्पूर्ण बैतेश्वर वासी दाजुभाई दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**"सबैको साथ, बैतेश्वरको विकास "**

**धन्यवाद**